# मछरिहवा मझरी सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया नगरपालिका वडा नं. २, कुमरागाउँ, बर्दिया

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०२/१९ गते बुधबार

सच्चाईएको सूचना प्रकाशन मितिः २०८३/०३/०४ गते बिहिबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ५०५४ मिति २०८३/०२/१३ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **मध्यान्न राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ नं. | क्र.सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| MA/22/22-a01-01-2083/02/19 - p | समूहको घाटगद्धीमा | २ देखि ८ सम्म | १ | साल | ए | १ | १७.५५ | १२५० | २१९३७.५० | ३१७२०३.० | |
| | | | २ | साल | बि | १२ | २२७.१५ | ९०० | २०४४३५.० | | |
| | | | ३ | साल | सि | ४५ | २५६.४७ | ६०० | १५८८२.० | | |
| | | | ४ | साल | डि | १८ | २४.५८ | ३०० | ७३७४.० | | |
| | | | ५ | वृ. सिसौं | ए | ४ | ३२.७३ | ७०० | २२९११.० | | |
| | | | ६ | वृ. सिसौं | बि | ५१ | १६०.१८ | ५०० | ८००९०.० | | |
| | | | ७ | खयर | N | २६७ | १८२.४८ | १००० | १८२४८०.० | | |
| | | | ८ | कुसुम | N | ३१ | ९२.६३ | १०० | ९२६३.० | | |
| | | | ९ | कर्मा | ए | ३ | ४२.८८ | ४०० | १७१५२.० | | |
| | | | १० | कर्मा | बि | ८ | १७०.९० | ३०० | ५१२७०.० | | |
| | | | ११ | कर्मा | सि | २८ | २६०.७२ | १०० | २६०७२.० | | |
| | | | १२ | सिमल | N | ११० | १०८२.९३ | १५० | १६२४३९.५० | | |
| | | | १३ | गुटेल | N | २१ | ८२.८३ | १०० | ८२८३.० | | |
| | | | १४ | अन्य | N | १० | १६.७२ | १०० | १६७२.० | | |
| | | | १५ | ईपिल | N | २ | ६.२३ | १०० | ६२३.० | | |
| जम्मा | | | | | | ६११ | २६५६.९७ | | ९४९८८४.० | ३१७२०३.० | |
| MA/22/22-a01-02-2083/02/19 - p | समूहको घाटगद्धीमा | साल जातको दाउरा (२०'x५'x५'को) २.०० चट्टा | | | | | | १२००० | २४०००.० | ४२०००.० | |
| | | साल लगायत मिश्रित जातको दाउरा (२०'x५'x५'को) १.०० चट्टा | | | | | | ८००० | ८०००.० | | |
| | | अन्य जातको दाउरा (२०'x५'x५'को) २.०० चट्टा | | | | | | ४००० | ८०००.० | | |
| जम्मा | | | | | | | | | ९८९८८४.० | ३५९२०३.० | |

शर्त तथा नियमहरुः

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/०८ गते सोमबार ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०३/०९ गते मंगलबार ख) समयः मध्यान्ह २:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०३/११ बिहीबार ख) समयः मध्यान्ह ३:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **मध्यान्न राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०२/१९ गते मंगलबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र खरिद गरी २२ औं दिनको अपरान्ह २:०० बजेसम्म यस

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा नेपाल बैङ्क लिमिटेड, सानोश्री, बर्दियामा रहेको खाता नं. १५१००१०७२५३३३९००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

आज मिति २०८३।३।३ गते यस बारबर्दिया न.पा.-२ कुम्पा गाउँ मधरिहवा मझरी सा.व.उ.स.का अध्यक्ष श्री आरती थारु को अध्यक्षतामा बैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो।

उपस्थितिमा

| | | |
|---|---|---|
| अध्यक्ष | श्री आरती थारु | आरती |
| उपाध्यक्ष | श्री तुलीराम थारु | [signature] |
| कोषाध्यक्ष | श्री फुलरानी थारु | फुलरानी |
| सचिव | श्री नर बहादुर थारु | [signature] |
| स.सचिव | श्री मिना कुमारी चौधरी | [signature] |
| सदस्य | श्री राम नारायण थारु | [signature] |
| " " | श्री शोभा कुमारी थारु | [signature] |
| " " | श्री राम कुमारी थारु | रामकुमारी |
| " " | श्री देवी राम थारु | देविराम |
| " " | श्री मन्जुरीया थारु | मन्जुरीय |
| " " | श्री चनतारा बुढा | |

सल्लाहकार

श्री जीव राम थारु

श्री प्रकाश थारु — प्रकाश

प्रस्तावहरु

१- सार्वजनिक सूचना वेभसाईटमा अपलोड गर्ने सम्बन्धमा।
२- बिक्री भाउ मागर्ने सम्बन्धमा।
३- उपभोक्ताहरु लाई आज रहेकी बिक्री माग गर्ने सम्बन्धमा

१- प्रस्ताव नं. १ माथि छलफल तथा सरसल्लाह गर्दा यस स.व.उ.स. ले डिभिजन वन कार्यालय बर्दियाको च.नं. २०२४ मिति २०८३।०४।१२ गतेको लिलाम सहमति पत्र अनुसार यस समूह बाट मिति २०८३।०४।१६ मा मध्यान्ह राष्ट्रिय पत्रिकामा पहिलो पटक काठ दाउराको लिलाम बिक्री सम्बन्धि विस्तृत सूचनामा काठ दाउराको सङ्कलन खर्च को रकम फरक परेको हुँदा उक्त रकम फेरी विस्तृत सूचना सार्वजनिक वेभसाईटमा अपलोड

गर्ने को लागी डिभिजन वन कार्यालय बर्दिया लाई अनु-
रोध गर्ने अनि निर्णय पारित गरियो

प्रस्ताव नं -३ माथि छलफल गर्दा फत्ते महादेवा मझरी -
सा.व.उ.स. कुमरागौड को उपभोक्ताहरु लाई
औषध तथा लिच्ची बिरुवा आवश्यक परेको हुँदा
फत्ते सा.व.उ.स. उपभोक्ता जनसंख्या २०७ जनालाई
बिरुवा उपलब्ध गर्न लाई डिभिजन वन कार्यालय
बर्दिया मा माग गर्ने भनि सर्वसहमती बाट निर्णयपारित
गरियो।

प्रस्ताव नं -४ माथी छलफल गर्दा फत्ते महादेवा मझरी
सा.व.उ.स. को वन व्यवस्थापन स्विकृत
अनुसार आर्थिक वर्ष आ.व. २०७३/०७४ मा
सार्पित कटान भएको ठाँउमा बिरुवा रोपन गर्ने
को लागी आर्थिक तथा प्राविधिक सहयोग
गर्न डिभिजन वन कार्यालय बर्दिया मा माग गर्ने
भनि सर्व सहमती बाट निर्णय पारित गरियो।